**मिति २०७५।०४।२०**

आज मिति २०७५।०४।२० गतेका दिन विहान ८.०० बजे नेपालको संविधानको धारा २१६ अनुसार गठित इलाम नगरपालिका, नगर कार्यपालिकाको बैठक प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बैठक निम्नानुसार बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

प्रमुख श्री महेश बस्नेत दस्तखत

का. पा. स., उप प्रमुख श्री सुशिला नेम्वाङ्ग दस्तखत

का. पा. स., वडाध्यक्ष श्री अम्बिका प्रसाद गौतम दस्तखत

का. पा. स., वडाध्यक्ष श्री नारदप्रसाद लम्साल दस्तखत

का. पा. स., वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग दस्तखत

का. पा. स., वडाध्यक्ष श्री नूतनदेव दुलाल दस्तखत

का. पा. स., वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ दस्तखत

का. पा. स., वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई दस्तखत

का. पा. स., वडाध्यक्ष श्री नरेश श्रेष्ठ दस्तखत

का. पा. स., वडाध्यक्ष श्री होमबहादुर बस्नेत दस्तखत

का. पा. स., वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे दस्तखत

का. पा. स., वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली दस्तखत

का. पा. स., वडाध्यक्ष श्री रवीन एक्तेन दस्तखत

का. पा. स., वडाध्यक्ष श्री लाखमान लिम्बू दस्तखत

कार्यपालिका सदस्य श्री चित्रमाया गुरुङ्ग दस्तखत

कार्यपालिका सदस्य श्री सीता रिजाल दस्तखत

कार्यपालिका सदस्य श्री सानु दास दस्तखत

कार्यपालिका सदस्य श्री इन्दिरा पौडेल क्षेत्री दस्तखत

कार्यपालिका सदस्य श्री सावित्री राई दस्तखत

कार्यपालिका सदस्य श्री पृथसिंह सुनुवार दस्तखत

कार्यपालिका सदस्य श्री श्यामकमल मुखिया दस्तखत

कार्यपालिका सदस्य श्री गीताराम विश्वकर्मा दस्तखत

सचिव, प्र. प्र. अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग दस्तखत

**आमन्त्रित**

१. प्रशासकीय अधिकृत श्री रामकुमार शाह, इलाम नगर कार्यपालिकाको कार्यालय, इलाम ....दस्तखत

२. लेखा अधिकृत श्री राजकुमार राई, इलाम नगर कार्यपालिकाको कार्यालय, इलाम ....दस्तखत

३. लेखा अधिकृत श्री रामकुमार श्रेष्ठ, इलाम नगर कार्यपालिकाको कार्यालय, इलाम ...दस्तखत

**निर्णय नं. १.** संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयबाट कार्यालयमा प्राप्त देहायअनुसारका पत्रहरुको बारेमा बैठकमा जानकारी भयो । सो पत्रको व्यहोराहरु उच्च नैतिकता तथा मनोवलका साथ पालना गर्न समेत निर्णय गरियो ।

१. च. नं १५, मिति २०७५।०४,१५ को स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम वडा समिति वा वडा अध्यक्षबाट हुने अधिकार प्रत्यायोजन सम्बन्धमा स्पष्ट पारिएको ।

२. च. नं. ३०, मिति २०७५।०४।१५ को परिपत्र ।

३. च. नं. १४५, मिति २०७५।०४।१७ को सम्पत्ति विवरण सम्बन्धी पत्र ।

४. अर्थ मन्त्रालयबाट प्राप्त **सार्वजनिक खर्चमा मितव्यायिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५** ।

**निर्णय नं. २.** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १०, मिति २०७५।४।६ को पत्रानुसार नेपाल सरकार (मन्त्रि परिषदको मिति २०७४।१२।१४ को निर्णयबाट स्थानीय तहको लागि स्वीकृत भएको अन्तरिम संगठन सरचना तथा दरबन्दीमा यस नगरपालिकाको भौगोलिकता, जनसंख्या, स्थानीय आवश्यकता, साविकको मौजुदा दरबन्दी र इलाम नगरपालिकाले खानेपानी व्यवस्थापनको कार्य समेत गर्दै गरेको विषयवस्तु समेतलाई मध्यनजर गरी इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इलाम र अन्तर्गतका १२ वटा वडा कार्यालयको लागि निम्नानुसारको कर्मचारी दरबन्दी स्वीकृत गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिमा प्रस्ताव पठाउने, साथै हाल कार्यरत नगरपालिकाको स्थानीय सेवा (निजामती कर्मचारीबाहेक) का स्थायी कर्मचारीहरुलाई पदनाम, गर्दै गरेको काम र शैक्षिक योग्यताको समेत आधार लिई प्रमुख प्रशासकीय अधिकृतले समायोजन गर्न निर्णय गरियो ।

**प्रस्तावित दरबन्दी विवरण**

| क्र. सं. | पद | तह | प्रा./अप्रा. | प्रस्तावित दरबन्दी सख्या | हाल कार्यरत संख्या | प्रस्तावित दरबन्दी अनुसार रिक्त | जम्मा | दरबन्दी को प्रकृति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.द्वितीय | अप्राविधिक | **१** | १ | ० | १ | स्थायी | |
| २ | प्रशासकीय अधिकृत | अधिकृत छैटौ | अप्राविधिक | **१** | १ | ० | १ | स्थायी | |
| ३ | इन्जिनियर | अधिकृत छैटौ | प्राविधिक | **१** | १ | ० | १ | स्थायी | |
| ४ | इन्जिनियर | रा. प. तृ. | प्राविधिक | **१** | ० | १ | १ | स्थायी | आर्किटेक्ट १ रिक्त |
| ५ | लेखा अधिकृत | रा. प. तृ. | अप्राविधिक | **१** | १ | ० | १ | स्थायी | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | लेखा अधिकृत | अधिकृत छैटौं | अप्राविधिक | १ | १ | ० | १ | स्थायी | |
| ७ | आन्तरिक लेखा परीक्षक | अधिकृत छैटौं | अप्राविधिक | १ | १ | ० | १ | स्थायी | |
| ८ | उजुरी तथा अभिलेख प्रशासक | रा. प. तृ. | अप्राविधिक | १ | १ | ० | १ | स्थायी | |
| ९ | कर अधिकृत | अधिकृत छैटौं | अप्राविधिक | १ | १ | ० | १ | स्थायी | |
| १० | वातावरण अधिकृत | अधिकृत छैटौं | प्राविधिक | १ | ० | १ | १ | स्थायी | |
| ११ | शिक्षा अधिकृत | रा. प. तृ. | प्राविधिक | १ | १ | ० | १ | स्थायी | |
| १२ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं | प्राविधिक | १ | १ | ० | १ | स्थायी | |
| १३ | कृषि अधिकृत | रा. प. तृ. | प्राविधिक | १ | ० | १ | १ | स्थायी | |
| १४ | महिला विकास अधिकृत | रा. प. तृ. | अप्राविधिक | १ | ० | १ | १ | स्थायी | |
| १५ | कानुन अधिकृत | रा. प. तृ. | अप्राविधिक | १ | ० | १ | १ | स्थायी | |
| १६ | पशु सेवा चिकित्सक | रा. प. तृ. | प्राविधिक | १ | ० | १ | १ | स्थायी | |
| १७ | सूचना प्रविधि अधिकृत | अधिकृत छैटौं | प्राविधिक | १ | १ | ० | १ | स्थायी | |
| १८ | विद्यालय निरीक्षक | रा. प. तृ. | प्राविधिक | १ | ० | १ | १ | स्थायी | |
| १९ | नायव सुब्बा | सहायक पाँचौं | अप्राविधिक | १९ | ११ | ८ | १९ | स्थायी | १२ जना वडा सचिव समेत |
| २० | खानेपानी निरीक्षक | सहायक पाचौं | प्राविधिक | १ | १ | ० | १ | स्थायी | |
| २१ | शिक्षा निरीक्षक | सहायक पाँचौं | अप्राविधिक | २ | ० | २ | २ | स्थायी | |
| २२ | म.बि.नि. | सहायक पाँचौं | अप्राविधिक | २ | २ | ० | २ | स्थायी | |
| २३ | लेखापाल | सहायक पाँचौं | अप्राविधिक | २ | १ | १ | २ | स्थायी | |
| २४ | सव इन्जिनियर | सहायक पाँचौं | प्राविधिक | ८ | ६ | २ | ८ | स्थायी | |
| २५ | पञ्जिकाधिकारी | सहायक पाँचौं | अप्राविधिक | १ | ० | १ | १ | स्थायी | |
| २६ | निजी सचिव | सहायक पाचौं | अप्राविधिक | १ | १ | ० | १ | अस्थायी | प्रमुखज्यू |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २७ | सह लेखापाल | सहायक चौथो | अप्राविधिक | **३** | २ | ० | ३ | स्थायी | |
| २८ | खरिदार | सहायक चौथो | अप्राविधिक | **१३** | ९ | ४ | १३ | स्थायी | |
| २९ | असिस्टेन्ट सव इन्जिनियर | सहायक चौथो | प्राविधिक | **३** | ३ | ० | ३ | स्थायी | |
| ३० | अमिन | सहायक चौथो | प्राविधिक | **१** | १ | ० | १ | स्थायी | |
| ३१ | निजी सचिव | सहायक चौथो | अप्राविधिक | **१** | १ | ० | १ | अस्थायी | उपप्रमुखज्यू |
| ३२ | स.म.वि.नि. | सहायक चौथो | अप्राविधिक | **२** | १ | १ | २ | स्थायी | |
| ३३ | सहायक कम्प्युटर अप्रेटर | सहायक चौथो | प्राविधिक | **३** | २ | १ | ३ | स्थायी | रिक्त १ को करारबाट पूर्तिको लागि प्रक्रिया शुरु |
| ३४ | ना.प्रा.स. (कृषि) | सहायक चौथो | प्राविधिक | **४** | ४ | ० | ४ | स्थायी | |
| ३५ | ना.प्रा.स. (पशु सेवा) | सहायक चौथो | प्राविधिक | **४** | २ | २ | ४ | स्थायी | |
| ३६ | खानेपानी मिटर रिडर | सहायक चौथो | अप्राविधिक | **२** | २ | ० | २ | स्थायी | |
| ३७ | नगर प्रहरी | सहायक चौथो | अप्राविधिक | **२** | २ | ० | २ | स्थायी | |
| ३८ | नगर प्रहरी | सहायक तेस्रो | अप्राविधिक | **२** | १ | १ | २ | स्थायी | |
| ३९ | वारुणयन्त्र सिपाही | सहायक चौथो | अप्राविधिक | **१** | १ | ० | १ | स्थायी | |
| ४० | वारुणयन्त्र सिपाही | सहायक तेस्रो | अप्राविधिक | **१** | १ | ० | १ | स्थायी | |
| ४१ | वारुणयन्त्र सिपाही | सहायक पहिलो | अप्राविधिक | **३** | ३ | ० | ३ | स्थायी | |
| ४२ | नगर प्रहरी | सहायक पहिलो | अप्राविधिक | **५** | ० | ५ | ५ | स्थायी | |
| ४३ | जुनियर प्लम्बर | सहायक तेस्रो | प्राविधिक | **३** | २ | १ | ३ | स्थायी | |
| ४४ | इलेक्ट्रिसियन | सहायक तेस्रो | प्राविधिक | **१** | १ | ० | १ | स्थायी | |
| ४५ | इलेक्ट्रिसियन सहायक | सहायक पहिलो | अप्राविधिक | **१** | ० | १ | १ | स्थायी | |
| ४६ | सवारी चालक | सहायक पहिलो | प्राविधिक | **४** | ४ | ० | ४ | स्थायी | |
| ४७ | ब्याक हु लोडर चालक | सहायक पहिलो | प्राविधिक | **१** | १ | ० | १ | स्थायी | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४८ | ट्र्याक्टर चालक | सहायक पहिलो | प्राविधिक | **४** | ३ | १ | ४ | स्थायी | |
| ४९ | शीतभण्डार परिचालक | सहायक पहिलो | प्राविधिक | **१** | १ | ० | १ | स्थायी | |
| ५० | माली | सहायक पहिलो | अप्राविधिक | **२** | १ | १ | २ | स्थायी | |
| ५१ | वारुणयन्त्र चालक | सहायक पहिलो | प्राविधिक | **२** | २ | ० | २ | स्थायी | |
| ५२ | कार्यालय सहयोगी | सहायक पहिलो | अप्राविधिक | **२३** | २१ | २ | २३ | स्थायी | १२ वटा वडा कार्यालयसमेत |
| ५३ | खानेपानी चौकिदार | सहायक पहिलो | अप्राविधिक | **१७** | १७ | ० | १७ | स्थायी | |
| ५४ | खानेपानी हेल्पर | सहायक पहिलो | प्राविधिक | **८** | ८ | ० | ८ | स्थायी | |
| ५५ | खानेपानी मिटर रिडर | सहायक पहिलो | अप्राविधिक | **५** | ३ | २ | ५ | स्थायी | |
| ५६ | सफाईकर्मी | सहायक पहिलो | अप्राविधिक | **१८** | १४ | ४ | १८ | स्थायी | |
| ५७ | सि. अ. हे. व. | | | | | | | | |
| ५८ | अ. हे. व. | सहायक चौथो | प्राविधिक | **२** | २ | ० | २ | स्थायी | शहरी स्वास्थ्य केन्द्र |
| ५९ | अ. न. मि. | सहायक चौथो | प्राविधिक | **२** | २ | ० | २ | स्थायी | शहरी स्वास्थ्य केन्द्र |
| ६० | ग्रा. स्वा. का. | सहायक चौथो | प्राविधिक | **१** | १ | ० | १ | स्थायी | शहरी स्वास्थ्य केन्द्र |
| ६१ | सामाजिक परिचालक | | | **१६** | १६ | ० | १६ | अस्थायी | |
| ६२ | पुनर्स्थापना सहजकर्ता | | | **७** | ७ | १ | ७ | अस्थायी | |
| ६३ | सामाजिक परिचालिका | | | **१** | १ | ० | १ | अस्थायी | |
| | **जम्मा** | | | २२३ | **१७४** | **४९** | २२३ | | |

**द्रष्टव्य :** उल्लिखित प्रस्तावित दरबन्दीमा इलाम नगरपालिकाबाट खानेपानी सेवा व्यवस्थापन समेत गरिएको हुँदा खानेपानीतर्फको ३३ र अस्थायी प्रकृतिको २३ समेत ५६ दरबन्दी समावेश भएको ।

**निर्णय नं. ३,** इलाम नगरपालिका वडा नं. ७ स्थित नेपाली सेनाको स्वामित्वमा रहेको ठूलो टुँडिखेलमा विगतदेखि सामुदायिक हितमा सार्वजनिक महत्वका विभिन्न सभा समारोह तथा खेलकूद कार्यक्रम आयोजना हुँदै आएको पृष्ठभूमिमा टुँडिखेल नेपाली सेनाको गढीथुम्का ब्यारेकदेखि टाढा रहेको तथा बजार क्षेत्रसँग जोडिएको कारण सेनाको सैनिक कार्यमा समेत केही असहज भइरहेको हुनाले सो ठूलो टुँडिखेल इलाम

नगरपालिकालाई हस्तान्तरणका लागि इलाम नगरपालिकाबाट नेपाली सेनालाई अनुरोध गरिएकोमा नेपाली सेना, पशुपतिप्रसाद गण, गढीथुम्का ब्यारेक इलामको मिति २०७५।४।१० को पत्रबाट सो सम्बन्धमा राय माग भएको सन्दर्भमा टुँडिखेललाई कही कतैबाट अतिक्रमण हुन नदिन नगरपालिका प्रतिबद्ध रहेको र टुँडिखेललाई विपद्का समयमा विपद् व्यवस्थापन कार्यमा सार्वजनिक हितमा र नेपाली सेनाले समेत सेनाका कार्यक्रमका दौरान उपयोग गर्न सक्ने तथा टुँडिखेलको स्तरोन्नतिका लागि नगरपालिकाबाट योजना समेत कार्यान्वयन गर्ने गरी ठूलो टुँडिखेलको स्वामित्व इलाम नगरपालिकालाई हस्तान्तरण गर्न उपयुक्त रहेको राय पठाउने । साथै गढीथुम्की ब्यारेकसँग साँध जोडिएको क्षेत्रमा सेनाको सैनिक कार्य गर्न आवश्यक जग्गा व्यवस्थापन गर्ने कार्यका लागि अर्थ बजेटबाट आवश्यक बजेट व्यवस्थापन हुन संघीय अर्थ मन्त्रालयमा अनुरोध गरी रक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी सो कार्यमा आवश्यक सहजीकरण गर्न संविधान सभाका अध्यक्ष तथा माननीय सांसद सुवासचन्द्र नेम्वाङ्ग्ज्यूलाई विशेष अनुरोध गर्ने र १ नं. प्रदेश सरकारबाट उक्त प्रयोजनका लागि बजेट प्रवाह गराउने पहल गरिदिनुहुन इलाम जिल्लाबाट १ नं. प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यूहरुलाई समेत अनुरोध गर्ने एवम् नेपाली सेनाको तालिम तथा सुटिङ्ग रेन्ज प्रयोजनका लागि इलाम नगरपालिका वडा नं. ९ स्थित माइखोला बुदुने, पाङ्गेटारको जग्गा उपलब्ध गराउने कार्यमा नगरपालिकाबाट सम्बद्ध पक्षसँग सहजीकरण गर्ने तथा नगरपालिकाबाट गढीथुम्की ब्यारेकसँग नवव्यवस्थित जग्गामा आवश्यक पूर्वाधार निर्माण गर्न सहकार्य गर्न निर्णय गरियो ।

**निर्णय नं. ४,** नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्य जिम्मेवारी पूरा गर्ने सन्दर्भमा सार्वजनिक कामको लागि निम्नानुसार योजना तथा कार्यक्रम सञ्चालन गर्न जग्गा आवश्यक भएको र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखा, सिंहदरबार काठमाडौको च.नं. २१३ मिति २०७५।२।१३ को जग्गा प्राप्ति गर्ने प्रक्रियासम्बन्धी परिपत्र समेतका आधारमा सार्वजनिक कामको लागि निशुल्क जग्गा प्राप्तिका लागि जग्गादाताहरुमा मिति २०७५।२।२४ मा सार्वजनिक सूचनामार्फत अनुरोध गरिएकोमा निशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धमा कही कतैबाट आवेदन पर्न नआएको र इलाम नगरपालिका वार्ड नं. ७ स्थित नगर कार्यपालिका भवन कम्पाउण्ड विस्तार कार्यका लागि कार्यालय भवनसँग साँध जोडिएका खाली जग्गाहरु प्राप्त गर्ने कार्यका निम्ति आ. व. २०७५।०७६ को लागि गत नगर सभाबाट नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा कार्यक्रम र बजेट समेत विनियोजन भइसकेको हुँदा कार्यालय भवनसँग साँध जोडिएका जग्गामध्ये झुमा काफ्ले र रोशन कर्माचार्या, मेनुका बस्नेत र महेश बस्नेत बाहेकको वीचको जग्गा अधिग्रहण गर्न आवश्यक कार्यवाही अगाडि बढाउनका लागि जिल्ला प्रशासन कार्यालय, इलाममा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५,** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्र सदाचार तथा सुशासन कायम गर्न, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाउन, कानुनतः प्राप्त अख्तियारी तथा अधिकारको अक्षरशः पालना गर्न, सार्वजनिक सम्पत्तिको संरक्षण तथा सम्वर्द्धन गर्न, विकास निर्माणमा तोकिएको गुणस्तर कायम गर्न, दोषीउपर मुद्दा चलाउन सहयोग गर्न, सदाचार र निष्ठामा रही अनुकरणीय नेतृत्व बनाउन, सहभागितामूलक नीति निर्णय गर्न, पारदर्शी कार्य प्रणाली अवलम्बन गर्न, सार्वजनिक सेवा प्रवाहमा जनताको अधिकार स्थापित गराउन, कानुनको शासन र नतिजामूलक व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ अनुसार इलाम नगरपालिकाका पदाधिकारीहरूको लागि आचार संहिता तयार गरी यस कार्यपालिकामा पेश गर्न वडाध्यक्ष श्री नूतनदेव दुलालज्यूको संयोजकत्वमा गठित समितिबाट पेश भएको आचार संहिताको प्रतिवेदन बैठकमा पेश भई सम्पादनसहित निम्नानुसारको आचारसंहिता लागू गर्ने निर्णय गरियो । समयमै समितिले प्रतिवेदन पेश गरेकोमा संयोजक लगायत सबैलाई धन्यबाद ज्ञापन गर्ने बैठक निर्णय गर्दछ । कार्यालय परिसर र वडा कार्यालयमा सबैले देख्ने गरी आचार संहिता सार्वजनिक जानकारीको राख्ने निर्णय गरियो ।

**आचारसंहिताः**

१. पदीय जिम्मेवारीको पालना गर्दा सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी प्रचलित कानुनको अधिनमा रही तदारुकताका साथ कार्य सम्पादन गर्नुपर्नेछ ।

२. नेपालको संविधान, राष्ट्र, राष्ट्रियता, राष्ट्रको अखण्डता, नेपाली नागरिक तथा जातीय सद्भाव विरुद्ध सार्वजनिक अभिव्यक्ति दिनु हुँदैन । साथै आफ्नो नामबाट वा छद्म नामबाट विद्युतीय वा छापा माध्यमबाट लेख प्रकाशन वा विचार व्यक्त गर्नु हुदैन ।

३. पद तथा सेवालाई मर्यादित बनाउन सदैव सकारात्मक रहनु पर्ने तथा अरुको लागि अनुकरणीय हुने गरी सबैलाई शिष्ट तथा मर्यादित व्यवहार गर्नु पर्नेछ ।

४. पदअनुरूपको जिम्मेवारी पालना गर्नुपर्ने गरी प्रचलित कानुनमा आचरणसम्बन्धी बेग्लै व्यवस्था भएकोमा त्यस्तो आचारसंहिताको समेत पालना गर्नु पर्नेछ ।

५. प्रचलित कानुनमा तोकिएबाहेक पदीय हैसियतले अनुगमन गर्नु पर्ने निकाय, संस्था, समिति वा उपसमितिको कुनै पनि किसिमको जिम्मेवारी ग्रहण गर्नु हुँदैन ।

६. संघ, प्रदेश र स्थानीय तह बीचको सुसम्बन्धमा आँच पुऱ्याउने खालको गतिविधिमा संलग्नता राख्नु हुँदैन ।

७. राजनीतिक आस्थाका आधारमा भेदभाव गर्न र अनावश्यक तथा गैरकानुनी आश्वासन दिनु हुँदैन ।

८. नेपालको संविधानबाट प्रदत्त मौलिक हकको सम्मान गर्दै यसको संरक्षण, सम्वर्द्धन र कार्यान्वयनका लागि प्रयत्नशील रहनु पर्नेछ ।

९. जात, जाति, धर्म, भाषा, लिङ्ग, उमेर, राजनीतिक वा सामाजिक हैसियत, भौगोलिकता, राजनैतिक दृष्टिकोण, पहुँच वा सम्बन्ध, शारीरिक अवस्था, बैवाहिक स्थिति वा अन्य कुनै पनि आधारमा भेदभाव नगरी सबैलाई सम्मानका साथ उचित र समान व्यवहार गर्नु पर्नेछ ।

१०. जिम्मेवारी पूरा गर्दा भेदभाव गर्न र कसैको स्वाभिमान र अस्तित्वमा आँच आउने व्यवहार गर्नु हुँदैन ।

११. कार्यालयको प्रयोजनको लागि रहेका मेसिनरी यन्त्र र साधन तथा सुविधाहरु व्यक्तिगत प्रयोजन वा फाइदाको लागि प्रयोग गर्नु वा अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृतिविना वा स्थानीय तहको निर्णय बिना कार्यालयबाहिर लैजान तथा अन्य व्यक्तिलाई प्रयोग गर्न दिनु हुँदैन ।

१२. पदीय हैसियतमा प्राप्त गरेको हक, अधिकार, सुविधा वा सहुलियत र प्रचलित कानुन विपरीत कार्यालयको सूचनालाई दुरुपयोग गर्नु हुँदैन ।

१३. पदीय हैसियत वा कार्यालयको कार्यसम्पादनको क्रममा वा अन्य कुनै प्रकारबाट जानकारीमा आएको कुनै सूचना कसैलाई दिन वा आफनो वा आफ्नो परिवार वा अन्य कुनै व्यक्तिको फाइदाको लागि दुरुपयोग गर्नु हुँदैन ।

१४. पदीय जिम्मेवारी पालना गर्दा कसैको अनुचित प्रभाव, प्रलोभन, दवाव, भनसुन वा कुनै आग्रहबाट प्रभावित नभई कसैप्रति कुनै पनि किसिमको पूर्वाग्रह वा द्वेष नराखी स्वतन्त्र र निष्पक्षता पालना गर्नु पर्नेछ ।

१५. आफनो पदीय कर्तव्यमा असर पर्ने गरी कुनै व्यक्ति वा संस्थाबाट कुनै किसिमको उपहार, दान वा चन्दा स्वीकार गर्नु तथा लिनु हुँदैन ।

१६. कार्यालयबाट पोशाक तथा लोगो निर्धारण गरिएकोमा कार्यालयमा रहँदा निर्धारित र मर्यादिततवरले पोशाक र लोगो लगाउनु पर्नेछ ।

१७. कार्यालयबाट प्रदान गरिने सेवा सुविधा, आपूर्ति गर्ने वा उपलब्ध गराउने सामग्री वा निर्माण कार्य सञ्चालन गर्ने भए सो सम्बन्धी तौरतरिका र त्यसको निर्णय प्रक्रियालाई पारदर्शी बनाउनु पर्नेछ ।

१८. तोकिएको जिम्मेवारी छिटोछरितो, पूर्ण र गुणस्तरीयरुपमा पूरा गर्न सदा प्रयत्नशील रहनु पर्नेछ र सेवा प्रदान गर्दा जेष्ठ नागरिक, बृद्ध, अशक्त अपाङ्ग, सुत्केरी वा गर्भवती महिला, बालबालिका र असहायलाई प्राथमिकता दिनु पर्नेछ ।

१९. कार्यालयबाट गरिने सेवा प्रवाहको सम्बन्धमा नागरिकहरुको गुनासोप्रति सधैं संवेदनशील रहनु पर्नेछ र त्यस्ता गुनासाहरु सकेसम्म नआउने गरी काम गर्नु पर्नेछ ।

२०. जनताको गुनासो सुन्ने र सुझाव लिने प्रणालीलाई संस्थागत गरी सूचना प्रविधि मैत्री तथा विद्युतीय शासन समेतको व्यवस्थापन मिलाउनु पर्नेछ ।

२१. आफूलाई सुम्पिएको जिम्मेवारी इमान्दारिताकासाथ आफ्नो क्षमताले भ्याएसम्म गुणस्तरीयरुपमा सम्पन्न गर्नु पर्नेछ र आफूले सम्पादन गरेको कामको जिम्मेवारी तथा जवाफदेहिता लिनु पर्नेछ ।

२२. सेवाग्राहीलाई राय सल्लाह तथा परामर्श दिँदा निष्पक्षता एवम् इमान्दारिताका साथ कानुन सम्मत हुने गरी दिनु पर्नेछ र आफ्नो काम कारवाही आर्थिक रुपमा मितव्ययी, औचित्यपूर्णतवरले गर्नु पर्नेछ ।

२३. आफू वा आफनो परिवारका सदस्यबाट समेत सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना, बेवास्ता र दुरुपयोग गर्न गराउन हुँदैन र प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्रमा आफ्नो सम्पत्ति विवरण कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

२४. आफ्नो पदीय हैसियतअनुसार आदरभाव तथा उचित व्यवहार गर्नु पर्नेछ । कसैको स्वाभिमान र अस्तित्वमा आँच आउने व्यवहार गर्न हुँदैन ।

२५. सार्वजनिकरुपमा कानुनले निषेधित गरेका कार्य गर्ने वा समाजमा निन्दनीय हुने कार्य गर्न वा त्यस्तो व्यवहार प्रदर्शन गर्न वा विद्यमान सामाजिक मूल्य मान्यताका विरुद्ध आचरण गर्नु हुँदैन ।

२६. कसैले सरकारी वा सार्वजनिक सम्पत्तिमा कुनै किसिमको नोक्सान वा क्षति पुऱ्याउने कुनै काम गर्न लागेको वा गरेको जानकारी वा सूचना पाएमा त्यस्तो सम्पत्तिको संरक्षण तथा सम्वर्द्धन गर्न प्रयत्नशील रहनु पर्नेछ ।

२७. नगर सभा, नगर कार्यपालिका, वडा समिति लगायतका आफ्नो पदीय हैसियत अनुसार सहभागी हुनु पर्ने बैठकहरुमा तोकिएको मिति, समय र स्थानमा उपस्थित हुनु पर्नेछ र कुनै कारणले बैठकमा उपस्थित हुन नसक्ने भएमा समयमै सूचना दिनु पर्नेछ ।

२८. आफ्नो पदीय हैसियतले भाग लिनु पर्ने सभा तथा बैठकहरुमा सक्रियतापूर्वक भाग लिँदै सभा तथा बैठकको गरिमा तथा मर्यादालाई उच्च राख्न सहयोग गर्नु पर्नेछ ।

२९. आफूसँग सम्बन्धित मुद्दा मामिलाहरुमा आफ्नो पदीय हैसियत तथा जिम्मेवारीका हिसावले निर्णायक नबनी मुद्दामामिलाको स्वच्छ, स्वतन्त्र र निष्पक्ष सुनुवाइमा सहयोग गरी नागरिकहरुलाई न्यायको प्रत्याभूति गराउन प्रयत्न गर्नु पर्नेछ ।

३०. पदीय दायित्व निर्वाह गर्दा विना भेदभाव सबै नागरिकप्रति समान व्यवहार गर्नुपर्नेछ ।

३१. समाजमा विद्यमान जातीय, लैङ्गिक तथा कुरीति उन्मुलन गर्न प्रतिवबद्ध भई कार्य गर्नु पर्नेछ ।

३२. कुनै पनि नागरिकले गरेको भ्रष्टाचार वा आपराधिक कार्यको संरक्षण गर्नु गराउनु हुँदैन ।

३३. देशको संविधान, प्रचलित ऐन, कानुन र इलाम नगरपालिकाको निर्णयको विपरीत हुने कुनै कार्य गर्नु गराउनु हुँदैन ।

**<u>निर्णय नं. ७,</u>** इलामको समृद्धिका लागि कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा र जडिबुटी जस्ता ५ वटा संभावनाका क्षेत्रहरु पहिचान गरी सं. २०७५ साल भाद्र महिनाको अन्तिम हप्तामा काठमाडौमा इलाम नगरपालिकाको प्रारम्भिक लगानी सम्मेलन आयोजना गर्ने र उल्लिखित कार्यहरू सम्पन्न गर्नका लागि आवश्यक खर्च तथा विज्ञहरुलाई पारिश्रमिकको समेत व्यवस्थापन मिलाउनका लागि मिति २०७५।४।१७ गते बसेको इलाम लगानी प्रवर्द्धन समितिको बैठकबाट निर्णय भएकोमा सो निर्णय अनुमोदन गर्दै तत्सम्बन्धी कार्यहरु अगाडि बढाउने र सो समितिको सदस्य सचिवमा इलाम नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई तोक्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ८,</u>** नेपाल नगरपालिका संघको राष्ट्रिय सम्मेलन सं. २०७५ साल भाद्र ७ र ८ गते काठमाडौंमा आयोजना हुने भएकोले सो सम्मेलनमा यस नगरपालिकाको तर्फबाट प्रमुख श्री महेश बस्नेत र उपप्रमुख श्री सुशीला नेम्वाङ्गलाई प्रतिनिधि पठाउने एवम् सो सम्मेलनका लागि रु १०,०००।०० रकम सदस्यता शुल्क वापत संघमा पठाउने निर्णय गरियो । साथै सो समयमा कार्यपालिकाको नियमित बैठक हुन नसक्ने भएकोले भदौ महिनाको बैठक सं. २०७५ साल भदौ १ गतेका दिन यथा समयमा आयोजना हुन निर्णय गरियो ।

**<u>निर्णय नं. ९,</u>** इलाम नगरपालिका वार्ड नं. ७ पटाङ्गिनीस्थित हाल जिल्ला प्रशासन कार्यालयले प्रयोग गरी छोडेको पुरानो घर राणाकालीन समयमा बडाहाकिम गजराज सिंह थापाको पालामा निर्माण भएको ऐतिहासिक भवन भएकोले सो क्षेत्रमा तत्कालीन विकासप्रेमी बडाहाकिम गजराज सिंह थापाको स्मारक बनाई इलाममा सर्वप्रथम चिया रोपन गरी नेपालभरि इलामलाई चिनाउन अहम भूमिका निर्वाह गर्नुभएका तत्कालीन बडाहाकिम गजराज सिंह थापाको योगदानलाई जीवन्त राख्नका लागि सो ऐतिहासिक भवन तथा जग्गा नगरपालिकालाई हस्तान्तरणका गरिदिनका लागि श्री जिल्ला प्रशासन कार्यालय, इलाममार्फत् नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो । साथै इलाम स्थापनाको २०० वर्षको **इलाम : हाम्रो गौरव** कार्यक्रमअन्तर्गत गजराजसिंह थापाको नाममा स्मारक निर्माण गर्न निजका हाल जीवित सन्ततिसँग समन्वय समेत गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १०.</u>** इलाम नगरपालिका वार्ड नं. ९ साविक इलाम नगरपालिका वार्ड नं. ४।ग कि.नं. ७४ क्षेत्रफल १८।०।३।३ भएको घटीटार खेतलाई खेलमैदान बनाई सो क्षेत्रलाई खुला क्षेत्रको रुपमा राखी सार्वजनिक हितमा प्रयोग गर्न र सो क्षेत्रमा पुग्ने बाटो चौडा गर्नका लागि आवश्यक पर्ने बजेट लगानी गरी सहयोग गर्न श्री दोलखा हिमाल हाइड्रोपावर कम्पनीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ११.</u>** इलाम नगरपालिकाको शिक्षा नियमावलीअनुसार सम्बन्धित वडा समितिको सिफारिस समेतका आधारमा निम्न विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा देहायका व्यक्तिहरुलाई मनोनयन गर्ने र नियमावलीअनुसार विद्यालय व्यवस्थापन समितिका अन्य सदस्यहरु छनौट गर्न सम्बन्धित वडालाई अधिकार प्रत्यायोजन गर्ने तथा प्रमुखले तोक्ने सदस्यको नाम सुझाव गर्न वडाध्यक्षहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निम्न</u>**

१. श्री आदर्श मा. वि. इलाम नगरपालिका वडा नं. ७, इलाम............ श्री कोमल निरौला
२. श्री सुम्बेक मा. वि. इलाम नगरपालिका वडा नं. २, इलाम......... श्री उमाकान्त पोखेल
३. श्री नन्द मा. वि. इलाम नगरपालिका वडा नं. १०, इलाम........... श्री चन्द्रमणि गौतम
४. श्री अमर मा. वि. बरबोटे इलाम नगरपालिका वडा नं. ५, इलाम.... श्री गोविन्द पौडेल
५. श्री सिंहदेवी आ. वि. इलाम नगरपालिका वडा नं. ८, इलाम......... श्री योगेन्द्र आचार्य
६. श्री बालमण्डल मा. वि. इलाम नगरपालिका वडा नं. ४, इलाम........श्री तेजप्रसाद दुलाल
७. श्री सिद्धेश्वरी आ. वि. इलाम नगरपालिका वडा नं. ४, इलाम.........श्री यज्ञ दुलाल
८. श्री सूर्योदय आ. वि. इलाम नगरपालिका वडा नं. ४, इलाम...........श्री खेम आचार्य
९. श्री रुक्मिणी आ. वि. इलाम नगरपालिका वडा नं. ४, इलाम...........श्री दीपेन्द्र दुलाल
१०. श्री देवकोटा आ. वि. इलाम नगरपालिका वडा नं.४, इलाम.........श्री हेमबहादुर राई

**निर्णय नं. १२.,** आजको बैठकमा निर्णय हुन यसअघि निर्धारण भएको शिक्षा नियमावली र सामाजिक सुरक्षा कार्यविधि संशोधनको प्रस्ताव अर्को बैठकमा मात्र छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३,** १ नं. प्रदेश सरकारबाट गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को व्यवस्था र हाल इलाम नगर कार्यपालिकाको निर्णयबाट भुक्तान हुँदै आएको कार्यपालिकाको सुविधामा अन्तर भएको हुँदा हाललाई कुनै खर्च नलेख्न कार्यालयलाई निर्देशन दिँदै बैठक समापन गरियो ।